

# राष्ट्रिय हरवाचरवा अधिकार मञ्च
## केन्द्रीय कार्यालय, सिराह (लाहान) नेपाल

**मिति : २०७९ चैत्र २९ गते**

## *प्रेश विज्ञप्ति*

मुक्त हरवाचरवाको न्यायिक पुनःस्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार भन्ने मूल नाराकासाथ यही २०७९ चैत्र २५ देखि २८ सम्म पुनःस्थापनाका लागि हरवाचरवा अधिकार यात्रा केही व्यवस्थापकीय कमीकमजोरीका बावजूद ऐतिहासिक रुपमा भव्यताकासाथ सम्पन्न भयो । मधेश प्रदेशका ८ वटा जिल्लाको २५ स्थानमा कोणसभा सम्पन्न भइ १० हजार बढि जनसमुदाय परिचालित भएका थिए । यात्राकाक्रममा मन्त्री, सासद, स्थानीय पालिकाका मेयर, उपमेयर, अध्यक्ष तथा उपाध्यक्ष र वडाध्यक्षहरुको व्यापक सहभागिता रहेको थियो । साथै यस यात्रालाई नागरिक आन्दोलनका अगुवा संविधानसभा सदस्य श्याम श्रेष्ठ, संविधान सभा सदस्य हरि श्रीपाइली लगायतको उपस्थिति रहेको थियो । यात्रालाई राष्टिय तथा अन्तराष्टिय स्तरमा प्रचार प्रसार गर्नमा स्थानीय तथा राष्टिय स्तरका संचारमाध्यामको उल्लेख्य भूमिका रहेको थियो । यात्राको समापनमा मधेश प्रदेश सरकारका मानीय सामाजिक विकास मन्त्री सुनिता शाह, विशिष्ट अथितिहरुमा श्याम श्रेष्ठ, हरि श्रीपाक्ली, गणेश विके, जियम श्रेष्ठ, बालाराम भट्टराई, प्रदेश सभा सदस्य तथा नेपाली काँगेस संसदीय दलको प्रमुख सचेतक जीवक्षी यादव, जसपाका नेता सुरेश मण्डल, दलित विकास समितिका उपाध्यक्ष रामप्रवेश वैठा, ब्रम्हदेव राम तथा पत्रकार मित्रहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

**आगामी कार्यक्रम :**

१. हरवाचरवा अधिकार यात्राको स्थानीय स्तरमा समीक्षा तथा सन्देश प्रवाह गर्ने ।
२. मधेश प्रदेशका ८ वटा जिल्लाका हरवाचरवा वाहुल्य २४ वटा पालिकाहरुमा एकै दिन आगामी नीति तथा कार्यक्रम र बजेटको लागि लिखित सुझाव पत्र पेश गर्ने ।
३. मधेश प्रदेश सरकार अन्तरगत दलित विकास समितिसंगको सहकार्यमा वृहत अन्तरक्रियाको आयोजना गरी आगामी नीति तथा कार्यक्रम र बजेटको लागि सुझाव पेश गर्ने ।
४. तत्काल सम्माननीय प्रधानमन्त्री समक्ष ध्यानाकार्षण गराउने र आगामी नीति तथा कमार्यक्रम र बजेटमा हरवाचरवा सवाल सम्बोधनको लागि सुझाव पेश गर्ने ।
५. उक्त मागहरु पूरा नभए पहिलो चरणमा पालिकामा, दोस्रो चरणमा प्रदेशको राजधानीमा र तेस्रो चरणमा जनकपुरदेखि काठमाडौंसम्म पैदल यात्रा गर्ने ।

.....................
दशनलाल मण्डल
केन्द्रीय अध्यक्ष

**National Harwa Charwa Rights Forum**
**Central Office, Siraha (Lahan) Nepal** Email Address : hchumanrights@gmail.com